**आकाशवाणी समाचार- नेपाली**

**मितिः १४ अप्रेल २०२५**

**समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- राष्ट्रले आज भारतीय संविधानका निर्माता डॉक्टर भीमराव आंबेडकरलाई उहाको 134 ओ जयंतीमा श्रद्धांजलि अर्पित गरिरहेको छ ।राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेंद्र मोदीले आम्बेडकर जयंतीको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ।
- प्रधानमंत्री नरेंद्र मोदीले आज आम्बेडकर जयंतीको अवसरमा हरियाणाको हिसारमा अयोध्या अनि हिसार बीच वाणिज्यिक उड़ानको शुभारंभ गर्नुहुनेछ।
- बिश्वभारिमै केरल मूलका मानिसहरुले आज नववर्ष '**विशु**' मनाईरहेका छन्।
- अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) को पुरुष क्रिकेट कमिटीको अध्यक्षमा भारतका पूर्वकप्तान सौरभ गांगुली पुनः नियुक्त भएका छन्।
- IPL क्रिकेटमा आज चेन्नई सुपर किंग्स अनि लखनउ सुपर जायन्ट्स बीच बेलुकी 7 बजेर 30 मिनेट जाँदा भिडन्त हुनेछ।

**आंबेडकर जयंती**

राष्ट्रले आज भारतीय संविधानका निर्माता डॉक्टर भीमराव आंबेडकरलाई उहाको 134 ओ जयंतीमा श्रद्धांजलि अर्पित गरिरहेको छ। यस अवसरमा देशभरिमै अनेक कार्यक्रम आयोजित गरिँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति जगदीप धनखड़, प्रधानमंत्री नरेंद्र मोदी अनि लोकसभा अध्यक्ष ओम बिड़ला सहित अन्य केंद्रीय मंत्री, सांसद अनि अन्य गणमान्य ब्येक्तिहरुले आज संसद परिसरमा बाबासाहबको प्रतिमामा पुष्पांजलि अर्पित गर्नेछन्। डॉक्टर भीमराव आंबेडकर, स्वतंत्र भारतको पहिलो विधि अनि न्याय मंत्री हुनुहुन् थियो। उहालाई वर्ष 1990 मा मरणोपरांत भारतको सर्वोच्च नागरिक सम्मान **भारत रत्न** द्वारा सम्मानित गरिएको थियो किया।

****** ० ******

**राष्ट्रपति-आम्बेडकर जयंती**

राष्ट्रपति द्रौपदी मुर्मुले आम्बेडकर जयंतीको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ। आफ्नो संदेशमा उहाले भन्नुभयो - बाबा साहबले धेरै धेरै समस्याहरुको सामना गर्दै एउटा छुट्टै पहिचान बनाउनुभयो अनि सर विश्वमा सम्मान अर्जित गर्नुभयो। उहाले बाबा साहबलाई एक अर्थशास्त्री, शिक्षाविद्, विधिवेत्ता अनि महान समाज सुधारक बताउदै भन्नुभयो कि बाबा साहेब अद्भुत योग्यता भएका अनि बहुमुखी व्यक्तित्वका धनी हुनुहुन्थियो। राष्ट्रपतिले भन्नुभयो कि बाबा साहब समान अधिकारहरुको प्रबल समर्थक हुनुहुन्थियो अनि उहाले महिलाहरु साथै वंचित बर्गहरुको आर्थिक अनि सामाजिक अधिकार्हरुका लागि आजीवन संघर्ष गर्नुभयो। राष्ट्रपति मुर्मुले अझ भन्नुभयो - बाबा साहबले शिक्षालाई सामाजिक परिवर्तन अनि वंचितहरुको सशक्तिकरणको माध्यम मान्नुहुन्थियो।

****** ० ******

**प्रधानमंत्री - हरियाणा**

प्रधानमंत्री नरेंद्र मोदीले आज आम्बेडकर जयंतीको अवसरमा हरियाणाको हिसारमा अयोध्या अनि हिसार बीच वाणिज्यिक

उड़ानको शुभारंभ गर्नुहुनेछ । उहाले हिसार हवाई अड्डाको नयाँ टर्मिनल भवनको शिलान्यास पनि गर्नुहुनेछ । श्री मोदीले एक जनसभालाई संबोधित गर्नुहुनेछ । उहाले यमुनानगरमा विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास पनि गर्नुहुनेछ । प्रधानमंत्रीले यमुनानगरमा **दीनबंधु छोटू राम ताप विद्युत परियोजनाको** 800 मेगावाट इकाईको अनि यमुनानगरको मुकरबपुरमा गोबर-धन योजना अन्तर्गत एक कंप्रेस्ड बायोगैस संयंत्रको आधारशिला राख्नुहुनेछ । श्री मोदीले भारतमाला परियोजना अंतर्गत 14 किलोमीटर भन्दा अधिक लामो रेवाड़ी बाईपास परियोजनाको पनि उद्घाटन गर्नुहुनेछ ।

****** ० ******

**विशु-केरल**

बिश्वभारिमै केरल मूलका मानिसहरुले आज नववर्ष **'विशु'** मनाईरहेका छन् । यो अन्नबाली अनि समृद्धिको त्योहार हो । विशु, नयाँ शुरुआतको प्रतीक हो अनि आजको दिन भगवान कृष्णको पूजा गरिन्छ । आज केरलमा गुरुवायुर, श्री पद्मनाभस्वामी मंदिर, सबरीमला जस्ता प्रमुख मंदिरहरुमा "विशु कनी" अनि विशेष अनुष्ठान गरिँदैछ । यी मंदिरहरुमा बिहान देखिनै धैरे संख्यामा श्रद्धालुहरुहो भिड देखिंदैछ ।

****** ० ******

**तमिल नववर्ष दिवस**

तमिल नयाँ वर्ष **चिथिराई** आज मनाइँदैछ।यस दिन मानिसहरू मन्दिरहरूमा गएर घरमा छ प्रकारका स्वादका परिकारहरू तयार पार्छन् जसलाई **अरुसुवाई** भनिन्छ। यसलाई केराको पातमा पस्कने गरिन्छ । एक महिनासम्म चल्ने यो चिथिराई पर्व सौर पात्रोमा आधारित हुदछ ।

****** ० ******

**आम्बेडकर नगर-कोटा दिल्ली ट्रेन**

डॉक्टर आम्बेडकरको जयंतीको पूर्व संध्यामा उहाको जन्म-स्थान मध्यप्रदेशको डॉक्टर आम्बेडकर नगर देखि कोटा हुदै नयाँ दिल्ली जाने एक्सप्रेस रेलसेवा हिजदाखि शुरु भएको छ । लोकसभा अध्यक्ष ओम बिड़ला, मध्य प्रदेशका मुख्यमंत्री डॉ. मोहन यादव अनि केंद्रीय रेल मंत्री अश्विनी वैष्णवले हिज यो रेलसेवालाई झंडी देखाएर प्रस्थान गराउनुभयो । यस अवसरमा श्री बिड़ला कोटा देखि , डॉ. यादव अनि श्री वैष्णव नयाँ दिल्ली देखि वीडियो कॉन्फ्रेंसिंगको मध्यम द्वारा अनि महिला तथा बाल विकास राज्यमंत्री सावित्री ठाकुर डॉ. आम्बेडकर नगरदेखि कार्यक्रममा सामेल हुनुभयो । श्री बिड़लाले भन्नुभयो -यस ट्रेनले राजस्थानमा शिक्षाको केंद्र कोटा, मध्यप्रदेशको आध्यात्मिक नगर उज्जैन तथा वाणिज्यिक केंद्र इंदौर बीच आवाजाही असल हुनेछ । श्री वैष्णवले भन्नुभयो कि यस रेल-गाडीको शुभारंभ सितै रेल मंत्रालयले बर्ष 2028 को उज्जैन कुंभ मेलाको तैयारिहरुको पनि शुरू गरिएको छ ।

****** ० ******

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणी को समाचार सेवा प्रभागले आफ्नो साप्ताहिक **फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा** आज राती ९:३० बजे **"हीट वेभ प्रिभेन्सन"** विषयमा परिचर्चा प्रसारित गर्नेछ।यस परिचर्चामा मौसम विभागका वैज्ञानिक डा आरके जेनामानी अनि लेडी हार्डिङ मेडिकल कलेजका प्राध्यापक डा अनुपम प्रकाश सहभागी हुनेछन् । श्रोताहरुले हाम्रो टेलिफोन नम्बर र ह्वाट्सएपमा हाम्रा विशेषज्ञहरूलाई लू को प्रभाव र यसबाट कसरी बच्ने भन्ने बारेमा प्रश्नहरू सोध्न सक्नुहुन्छ। टेलिफोन नम्बरहरू **01 1 - 2 3 4 2 1 0 50 र 0 1 1 1 2 3 3 1 4 4 रहेको छ भने** हाम्रो **ह्वाट्सएप** नम्बर 928-909-40444 रहेको छ।

****** ० ******

**डीआरआई-ड्रग जब्ती**

राजस्व सतर्कता निदेशालयले मिजोरमको बाहिरी छेत्रमा 52 किलो भन्दा अधिक नशीलु पदार्थ जफत गरेको छ । यसको मुल्य 52 करोड़ रुपियाँ भन्दा अधिक रहेको छ । यस मामलामा दुई ब्येक्तिहरुलाई पक्राउ गरिएको छ । जफत गरिएको मादक प्रदार्थमा मेथम-फेटामाइनको गोलिहरु रहेको परीक्षणबाट पत्तो लागेको छ । प्रारम्भिक जांच अनुसार नशीलु पदार्थ म्यांमा देखि तस्करी गरेर मिजोरम ल्याइन्दै थियो ।

****** ० ******

**अमरीका-शुल्क**

अमरीकाले स्मार्टफोन, कंप्यूटर, सेमीकंडक्टर अनि अन्य पुर्जाहरुको आयात माथि बेग्ला-बेग्लै शुल्क लगाउने भएको छ ।

अमरीकाका वाणिज्य मंत्री हॉवर्ड लुटनिकले हिज भन्नुभयो कि शुल्कको निर्धारण आगामी 2 महिनामा गरिनेछ। श्री लुटनिकले भन्नुभयो कि यी वस्तुहरुको लागि दक्षिण एशियाई देशहरुबाट आयात माथि निर्भर रहनको सट्टा , अमरीकामा चिप्स अनि फ्लैट-पैनल टेलीविजन बनाउने आवश्यकता छ। श्री लुटनिकले भन्नुभयो कि आगामी दुई महीनहरुमा , स्मार्टफोन अनि कंप्यूटर आयात माथि सेमीकंडक्टर शुल्क लागू गरिनेछ।

****** ० ******

**गांगुली नियुक्त- आईसीसी**

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) को पुरुष क्रिकेट कमिटीको अध्यक्षमा भारतका पूर्वकप्तान सौरभ गांगुली पुनः नियुक्त भएका छन्। आइसिसीले हिज सो जानकारी दिएको हो। बर्ष 2000 देखि 2005 सम्म भारतीय क्रिकेट टोलीको नेतृत्व गरेका सौरव गांगुलीलाई सन् 2021 मा पहिलो पटक समितिको अध्यक्ष नियुक्त गरिएको थियो। 52 वर्षीय सौरव गांगुली अनिल कुंबलेको स्थान मा नियुक्त भएका हुन्। अनिल कुंबलेले अधिकतम तीन कार्यकाल पछि आफ्नु राजिनामा दिएका छन्।

****** ० ******

**आईपीएल**

आइपिएल क्रिकेटमा आज चेन्नई सुपर किंग्स र लखनउ सुपर जायन्ट्स भिड्दैछन्। खेल साँझ ७ः३० बजे सुरु हुनेछ। हिज भएको खेलमा मुम्बई इन्डियन्सले दिल्ली क्यापिटल्सलाई १२ रनले पराजित गरेको हो। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २०५ रन बनाएको थियो। टस जितेर पहिले ब्याटिङ गरेको दिल्ली क्यापिटल्सले पहिलो इनिङ्समा १ सय ९३ रन बनाएको थियो। अर्को खेलमा रोयल च्यालेन्जर्स बैंग्लोरले राजस्थान रोयल्सलाई ९ विकेटले पराजित गरेको छ। राजस्थानरोयल्सले पहिलो खेलमा १सय ७३ रन बनाएको थियो। रोयल च्यालेन्जर्स बैंग्लोरले १८ औं ओभरमा जित हासिल गरेको थियो।

****** ० ******